# कचनकवल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बनियानी, झापा

१ नं. प्रदेश, नेपाल

प.स. २०७७/०७८ ( वन वातावरण तथा विपत व्यवस्थापन शाखा)
च.नं. : ३२८५

मिति: २०७८/०२/२८

**विषय :- सूचना टाँस गर्ने सम्बन्धमा ।**

श्री कचनकवल गाउँपालिका सवै नं. वडा कार्यालय
सवै

प्रस्तुत् विषयमा डिभिजन वन कार्यालय, झापाको फलफुलका विरुवा माग सम्बन्धी सूचना यसै पत्र साथ संलग्न राखि पठाईएको छ । उक्त सूचना ताँहा वडा कार्यालयको सूचना पाटीमा टाँस गरी सवै वडावासिलाई जानकारी गराईदिन हनु अनुरोध छ ।

कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

बोधर्थ :-
श्री डिभिजन वन कार्यालय :- जानकारीका लागि अनुरोध छ ।
झापा
श्री सूचना प्रविधि शाखा :- सूचना Website मा राखि सवै वडालाई Mail गरीदिन हुन अनुरोध छ ।
क्चनकवल गा.पा.

इमेल: kachankawala@gmail.com, ito.kachankawalmun@gmail.com वेबसाइट: www.kachankawalmun.gov.np
फोन नं.: ९८५२६५५२१०


Scanned with CamScanner

प्रदेश सरकार
उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, झापा

# फलफुलका विरुवा माग सम्बन्धी सुचना

प्रकाशित मिति :२०७८।२।२४

सुचना! सुचना!! सुचना!!!

यस कार्यालयको आ.व.०७७।७८ को स्विकृत बार्षिक कार्यक्रमबाट आंप,लिच्ची,कागती,कटहर,अम्बा लगायतका फलफुलका विरुवा खरीद गरी निशुल्क वितरण गर्ने लक्ष्य रहेको हुँदा झापा जिल्ला अर्न्तगत फलफुलका विरुवा रोपणका लागि ईच्छुक कृषक /निजीवन धनी / समूह / सहकारी /कृषि वनमा आधारीत फर्म/निकायले रोपण गर्ने जग्गाको विवरण सहित २०७८ असार ७ गते भित्र पायक पर्ने देहायको ठेगानामा तोकीएको ढाँचामा निवेदन दिनु हुन सबैमा यो सुचना जारी गरीएको व्यहोरा अनुरोध छ । म्याद नाघी आएको कुनै पनि माग निवेदन मान्य नहुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

**१) निवेदन पेश गर्ने स्थान (ठेगाना)**

क) डिभिजन वन कार्यालय, भद्रपुर, झापा(फोन नं ०२३४५५०५३)
ख) सब डिभिजन वन कार्यालय, दमक/सुरुगां/मेची/जलथल
ग) विभिन्न स्थानिय तह अर्न्तगतका वन सामाजीक परिचालकहरु
वा
घ) ईमेलमा समेत निवेदन upload गर्न सकीने छ ।
*ईमेल : dfojhapa@gmail.com, jpadfo@dof.gov.np ,*

नोट : म्याद भित्र पेश हुन आएका सबै निवेदनको सुची तयार गरी संलग्न कागजात तथा फिल्ड भेरीफीकेशनको आधारमा उपलव्ध गराउन सकीने अधिकतम विरुवाको संख्या निर्धारण गरीने छ । विरुवा दुवानी निवेदक स्वयले पायक पर्ने स्थानवाट गर्नुपर्ने छ ।

**व्यवसायिक वा चक्लावन्दीमा फलफुलको खेती गर्न चाहनेलाई बिशेष प्राथमिकता दिईने छ ।**

**धन्यवाद**

Scanned with CamScanner

प्रदेश सरकार
उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
## डिभिजन वन कार्यालय, झापा

# फलफुलका विरुवा वितरण सम्बन्धी मापदण्ड २०७७।०७८

**१। जग्गाधनी प्रमाण पत्र साथ निवेदन पेश गरेको हकमा बढीमा**

क. आँप । कटहर १० मि×१० मि दुरीमा प्रति कटठा ४ गोटा सम्म

ख .लिच्ची ८ मि×८ मि दुरीमा प्रतिकटठा ६ गोटा सम्म

ग .कागती अनार अम्बा अन्य ४ मि×४ मि दुरीमा प्रतिकटठा २२ गोटा सम्म

घ .रुख कटहर १२ मि×१२ मि दुरीमा प्रति कटठा ३ गोटा सम्म

**२। निवेदन मात्र पेश गरेको हकमा**

माग गरेको जातहरु मध्ये बाट बढीमा सबै प्रजाती मिलाएर २ वटा सम्म ।

**३। सरकारी कार्यालयको हकमा (कार्यालय कम्पाउन्डमा रोपणका लागि मात्र)**

उपलब्ध भए सम्म माग गरेको जात र संख्या

**३। समूह तथा सहकारीको हकमा (नामावली र सम्पर्क फोन न पेश भएमा)**

समूहासहकारीमा आबद्ध घरधुरि हरुलाई उपलब्ध भए सम्म प्रतिघर धुरी २ देखी ४ वटा सम्मका दरले

**४। व्यवसायीक समूह फर्ममा (प्रस्तावना पेश भएमा)**

व्यवसायीक योजना र प्रस्तावमा पेश भएको विश्वसनीताको आधारमा उपलब्ध भए सम्म माग गरे बमोजीमको संख्यामा

**५। सामुदायिक वन उपभोक्ता समूह (कार्यालय तथा घाटगद्धी स्थलमा अनिवार्य रोपणका लागि मात्र)**

उपलब्ध भए सम्म सबै जात मिलाएर प्रति समूह १० वटा सम्म

**६। स्थानिय तह (अभियानका लागि मात्र)**

उपलब्ध भए सम्म सबै जात मिलाएर प्रति बडा कार्यालय बढीमा १०० वटा सम्म मात्र

**७। कर्मचारी (एक राष्ट्र सेवक एक फलफुलका लागि परिचय पत्र पेश भएकोमा मात्र)**

उपलब्ध भए सम्म माग गरेको जातको विरुवा न्यूनतम १ बढीमा २ वटा सम्म मात्र

Scanned with CamScanner

श्री

डिभिजनल वन अधिकृत

मिति:२०७८।०२।........

श्रीमान डिभिजनल वन अधिकृतज्यू,
डिभिजन वन कार्यालय, झापा

विषय : **फलफुलको विरुवा उपलव्ध गराई दिनु हुन ।**

महोदय,

चालु आ.व.०७७।७८ मा झापा जिल्ला अर्न्तगतको देहायको विवरण रहेको जग्गामा म/हामी फलफुलको विरुवा रोपण गर्ने लक्ष्य लिई आवश्यक तयारी गरीएको हुँदा तहाँ कार्यालयबाट मिति २०७८।२।२४ गते प्रकाशित सुचना अनुसार निम्न जात र संख्याका फलफुलका विरुवा उपलव्ध गराई दिनु हुन तपशिलका कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु/छौ । साथै फलफुल विरुवा रोपण सम्वन्धी अन्य कुनैपनि निकायबाट अनुदान नलिएको वा सम्झौता नगरेको समेत स्वघोषण गर्दछु । गर्दछौ ।

**तपशिल**

**क) रोपण गरीने जग्गाको विवरण**

| जग्गाधनीको नाम र ठेगाना | रोपण गरीने जग्गाको ठेगाना | कित्ता नं | जग्गाको जम्मा क्षेत्रफल | रोपण गरीने जग्गाको क्षेत्रफल | माग गरीएको फलफुलको विरुवाको जात र सख्या | रोपणको प्रयोजन । व्यवसायीक/चक लाबन्दी/घरायसी | रोपण विधि । अन्तरवाली/मुख्य वाली | स्याहारसंभार तथा सुरक्षाका उपाय |
|---|---|---|---|---|---|---|---|---|
| | साविक................ ............. हाल..................... ......वडा नं............ | | | | | | | |

**ख) संलग्न कागजातहरु**

१। नागरीकताको प्रतिलिपी (व्यक्तीको हकमा)
२। निजीवनासमूहासंस्थाफर्मको दर्ता , नविककरण स्थायी लेखा नम्वर लगायतका कागजात
३। रोपण गरीने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि तथा चालु आ.व.को मालपोत बुझाएको रसीदको प्रतिलिपी
४। माथिल्लो तालिका अनुसार लेटर प्याडमा उल्लेख गरी माग गर्नु पर्ने (सरकारी निकाय वा अन्य निकायले)

**निवेदक**

दस्तखत.........................................
नाम .........................................
ठेगाना.........................................
सम्पर्क फोन नं.........................................

Scanned with CamScanner